हेटौंडा उपमहानगरपालिका
१५ नं. वडा कार्यालय
चुरियामाई, राटोमाटे, हेटौंडा
बागमती प्रदेश, नेपाल

# बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि अन्तिम प्रतिवेदन

मितिः २०८१/०७/१२

प्रतिवेदन पेश गर्नेः
हेटौंडा उपमहानगरपालिका,
१५ नं. वडा कार्यालय,
चुरियामाई, राटोमाटे, हेटौंडा

प्रतिवेदन पेश हुने निकायः
हेटौंडा उपमहानगरपालिकाको कार्यालय मार्फत
जिल्ला समन्वय समितिको कार्यालय,
हेटौंडा, मकवानपुर

**प्रतिवेदनमा समावेश गरिएका विषय वस्तुका सूची:**

१. वडाको संक्षिप्त परिचय

२. बालमैत्री स्थानीय शायनयुक्त वडाको रूपमा घोषणा गर्न तथा यसको दिगोपनाका लागि भएका अवसर तथा चुनौतीहरुः

३. बालमैत्री स्थानीय शासनका सूचक पूरा गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरूः

३.१ बाल बचाऊका सूचक पूरा गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू

३.१.१ बाल बचाऊका सूचकहरूको विद्यमान अवस्था

३.२ बाल संरक्षणका सूचक हासिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू

३.२.१ बाल संरक्षणका सूचकहरूको विद्यमान अवस्था

३.३ बाल विकासका सूचक हासिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू

३.३.१ बाल विकासका सूचकहरूको विद्यमान अवस्था

३.४ बाल सहभागिताका सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू

३.४.१ बाल सहभागिताका सूचकहरूको विद्यमान अवस्था

३.५.संस्थागत सूचकमा भएका महत्त्वपूर्ण कार्यहरु

३.५.१संस्थागत सूचकहरूको विद्यमान अवस्था

४. स्थानीय तहको शासकीय संरचनामा बालबालिकाको स्थिति

५. बालसमूहको नामावली

६. वडास्तरीय बाल सञ्जालका पदाधिकारीको नामावली

७. बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समितिमा भएका पदाधिकारीहरूको नामावली

८. बालमैत्री स्थानीय शासनका तहगत खुड्कीला सम्बन्धी विवरण

९. बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्था

## १.वडाको संक्षिप्त परिचयः

यस हेटौंडा उपमहानगरपालिकाको वडा नं. १५ साबिकको चुरियामाई गा.वि.सको वडा नं. ३,४,५,६,७,८ र ९ मिलेर बनेको हो। यसको कुल क्षेत्रफल १८.७७ वर्ग किलोमिटर रहेको छ। यस वडाको पुर्व सिमानामा वडा नं. १६, पश्चिमा त्रिभुवन राजपथ (वडा नं.१४), उत्तरमा वडा नं. ६, ७ र ८, र दक्षिण तर्फ जीतपुरसिमरा उपमहानगरपालिका अवस्थित छ। यसको अधिकांस भागहरु ग्रामिण स्तरका छन। यस वडा भित्र दिव्य सेवा निकेतन, ऋद्धी सिद्धी सिमेन्ट जस्ता संघ संस्थाहरु रहेका छन।

घरधूरी सर्वेक्षण, २०७९ अनुसार यस वडाको कुल जनसंख्या १०,९७९ रहेको छ जसमध्ये ५४१६ महिला, ५५६१ पुरुष र लैङ्गिक अल्पसङ्ख्यक २ जना रहेका छन भने कुल बालबालिका ३९३६ छन् जसमा बालक १६२४ र बालिका १५५६ रहेका छन् ।

यस वडाका मानिसहरुको आर्थिक अवस्थालाई हेर्दा आर्थिक स्रोतको मुख्य पेशाहरु कृषि, ज्याला मजदुरी, सेवा-नोकरी, बैदेशिक रोजगारी रहेको छ। कुल घरपरिवारको ९५२ अर्थात ४१% घरपरिवार कृषि पेशामा रहेका छन् यसैगरी २११ अर्थात ९% घरपरिवारले व्यापार व्यवसाया पेशा गर्ने गरेका छन् । यसैगरी सेवा नोकरीमा यस वडाका २७० घरपरिवारका सदस्यहरु रहेका छन् । ज्याला मजदुरीलाई आफ्नो पेशा बनाउने २५% अर्थात ५७७ घरपरिवारका सदस्यहरु छन् ।

यस हेटौंडा उपमहानगरपालिका, वडा नं. १५ ले २०८० चैत्र १९ गते पूर्ण खोप, २०७३ भाद्र ३० गते पूर्ण साक्षरता र २०६७ चैत्र २१ गते खुल्ला दिसा मुक्त वडा घोषणा गरिसकेकोले नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक विभिन्न सूचकहरु पार गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने अभियानमा रहेको छ। हेटौंडा १५ नं. वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नका लागी हेटौंडा उपमहानगरपालिका, विभिन्न संघ संस्था, विभिन्न सरोकारवालाहरुको प्रयास र सहयोगबाट यस वडालाई यहि २०८१ साल माघ भित्र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी बालअधिकारको सुनिश्चितता तथा घोषणा पश्चात निरन्तर दिगोपना यस वडाको हालको प्रमुख उदेश्य रहेको छ ।

## २) बालमैत्री स्थानीय शासनयुक्त वडाको रूपमा घोषणा तथा दिगोपनाको लागि भएका अवसर तथा चुनौतीहरू :

बालअधिकार महासन्धिको अनुमोदनले बालबालिकाहरु प्रति राज्यलाई जवाफदेही बनाएको र यसै प्रति लक्षित भई नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा घोषणा कार्यविधि, २०७९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तयार हुनु आफैमा एउटा अवसरको रुपमा रहेको छ । बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्यपद्धति र प्रणालीमा अन्तरभूत गर्दै कार्यान्वयन गर्न गरेको निर्देशन बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बनलाई लक्ष्यका साथ अगाडी बढाईएको हो।

यस वडाले २०७९ मंसिर २६ गते देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरी तोकिएको सूचक प्राप्तिका विभिन्न चरणमा कार्य गरिरहेकोमा बालमैत्री स्थानीय घोषणाका लागि आवश्यक गतिविधि पूरा गरिसकेको अवस्था छ।

## बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका सम्भावना र अवसरहरु :

१. पूर्णखोप, खुल्ला दिसा मुक्त, पूर्ण साक्षर घोषणा भएको,
२. यस वडामा ८ वटा सामुदायिक र २ वटा संस्थागत गरि जम्मा १० वटा विद्यालय रहेको,
३. मिश्रित समुदायको वाहुल्यता,
४. विकास निर्माणको कार्यमा समुदायको सक्रिय सहभागिता, (टोल विकास संस्था, महिला जागरण समूह, आमा समूह, बाल सञ्जाल, बाल समूह गठन भई बिकास निर्माण तथा सामाजिक कार्यमा सक्रिय सहभागिता रहेको)
५. जनसंख्याको आधारमा समतामूलक विकासको विस्तार, (आर्थिक, सामाजिक, सास्कृतिक तथा वातावरणीय पक्षवाट सामाजका सबै वर्गलाई समेट्ने प्रयास गरी  सामाजिक न्यायको सिद्धान्तलाई आत्मासात गर्दै समतामूलक समाजको निर्माण तर्फ समाज अघि बढेको)
६. स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले बालमैत्री स्थानीय शासन अवलम्वन, घोषणा तथा दिगोपनाको लागि वडालाई जिम्मेवार बनाईएको ,
७. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ ले बालमैत्री स्थानीय शासनयुक्त वडा तथा स्थानीयतह घोषणाका लागि स्पष्ट मार्गदर्शन प्रदान गर्नु,
८. बालमैत्री स्थानीय शासन सञ्चालनका लागि वडा समिति, राजनीतिक दल, वडा बाल अधिकार समिति, बालसमूह तथा बालसंजाल  लगायत सरोकारवाला निकायहरुको सक्रिय सहभागिता रहेको,
९. स्वास्थ्य तथा शैक्षिक संस्था लगायतका विषयगत निकाय, संघसंस्था, संगठन, सामाजिक समूह तथा नागरिक समाजहरुसंग राम्रो समन्वय रहनु,
१०. बालमैत्री स्थानीय शासन प्रति समुदायको चासो, साथ, सहयोग र कार्यक्रममा सक्रिय सहभागिता जनाउनु,
११. बालमैत्री स्थानीय शासनका ५१ सूचक मध्ये ४५ वटा सूचकमा १००%, ३ वटा सूचकमा ९७%, २ वटा सूचकमा ९०% र १ वटा सूचकमा ८१% नतिजा हासिल गरि घोषणाका लागि तयार रहनु
१२. शिक्षा, स्वास्थ्य, खानेपानी, महिला तथा बालबालिका, सामाजिक विकास, पञ्जिकरण लगायत सरोकारवालाहरुलाई जिम्मेवार बनाइ सूचक प्राप्तिमा निरन्तरता दिइनु,
१३. बालमैत्री सहजकर्ता परिचालन।
१४. समुदायमा १७ र विद्यालयमा ७ गरी २४ वटा बालसमूह तथा १ वटा वडास्तरीय बाल समूह संजाल गठन भई क्रियाशिल रहनु।
१५. स्थानीय वडाबासीद्धारा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा प्रक्रियामा साथ सहयोग र पूर्ण प्रतिबद्धता जनाउनु,
१६. प्रतिबद्ध, लगनशील र उर्जावान जनप्रतिनिधी तथा कर्तव्यनिष्ठ कर्मचारी

## बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका चुनौतीहरुः

१. उपलब्ध स्रोत साधनको तुलनामा समुदायको पूर्वाधार विकासका माग सम्बोधन गर्नु,
२. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ मा तोकिएका सूचक बमोजिमको नतिजालाई प्रभावकारी रुपमा टिकाइराख्नु,

३. बालमैत्री स्थानीय शासनलाई सफल बनाउन सरोकारवाला निकाय, संघसंस्था, समिति तथा परिवारलाई संवेदनशील हुन अभिप्रेरित गरी निरन्तर विशेष जिम्मेवारी वोध गराई दिगोपना कायम गर्नु,

४. बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण, सहभागिता जस्ता चौतर्फी विकासका आधारभूत पक्षको उच्चतम प्रवर्धन गर्नु,

५. सबै धर्म, वर्ग, जातजाति, क्षेत्रका समुदायलाई बालमैत्री आचारसंहिताको सफल व्यावहारिक कार्यान्वयनमा सक्रिय सहभागि गराउनु,

६. स्वइच्छाले ग्यारेज, होटेल लगायतका क्षेत्रमा आंशिक रुपमा श्रम गर्न जाने बालबालिकाको नियमन र नियन्त्रण गर्नु,

७. शैक्षिक संस्था वरपर र सार्वजनिक स्थान वरपर सुर्तिजन्य पदार्थ र मद्यपान बिक्रि वितरणमा कडाईका साथ प्रतिबन्ध लगाउनु।

८. मिश्रित भौगोलिक परिवेश भएकोले सम्पुर्ण वडाबासीमा समान रुपमा सेवा विस्तार गर्न समस्या

## ३) बालमैत्री स्थानीय शासनका सूचक पूरा गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरूः

१५ नं. वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम सेवाप्रवाह र संस्थागत सूचकहरु प्राप्तिको लागि गरिएका महत्वपूर्ण कार्यहरुः

### ३.१ बाल बचाऊका सम्बन्धमा वडामा सञ्चालन भएका कार्यहरुः

१) पूर्ण स्तनपान, स्वास्थ्य शिक्षा, पोषिलो खाना स्थानीय स्तरमा व्यवस्थापन, आइरन चक्की प्रयोग, सरसफाई सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन, हात धुने बिधि कार्यक्रम, घरदैलो अभियान,

२) पूर्णखोप वडा घोषणा र यस्को निरन्तरता रहेको,

३) एच.आइ.भि.सम्बन्धी सचेतना कार्यक्रम नियमित भएको र संक्रमित नरहेको,

४) खुल्ला दिसा मुक्त वडा घोषणा र निरन्तरता,

५) उपमहानगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत चुरियामाई र चिप्लेटी स्वास्थ्य चौकीको समन्वयमा जनप्रतिनिधिद्वारा पोषण कोसेली वितरण कार्यक्रम सञ्चालनमा रहेको र नियमित शिशुको तौल जाँच गर्ने गरिएको,

६) हजार दिनका आमा र आमा समूहहरुलाई पूर्ण स्तनपान, सुरक्षित मातृत्व, पोषण, सरसफाई लगायतका विषयमा निरन्तर सचेतना र परामर्श,

७) राष्ट्रिय कार्यक्रम अन्तर्गत ५ वर्ष मूनिका बालबालिकालाई भिटामिन "ए" तथा जुकाको औषधी खुवाउनुको साथै नियमित शारीरिक तथा मानसिक बृद्धि बिकास अनुगमन गर्ने गरिएको,

८) चर्पी गएपछि, खाना खानु अगाडि र बच्चाको दिसा धोएपछि साबुन पानीले हात धुनुपर्ने विषयमा सचेतना कार्यक्रम सञ्चालन,

९) खानेपानी संस्थान तथा सामुदायिक उपभोक्ता समितिद्वारा प्रत्येक घरधूरी मा खानेपानी धारा वितरण र नियमित खानेपानी परिक्षण भएको (आधारभूत तहको खानेपानी सुविधा सबै परिवारमा उपलव्ध),

१०) विद्यालय तथा समुदायस्तरमा साबुन पानीले हात धुने परिपाटी स्थापित,

११) विद्यालयमा किशोरकिशोरी केन्द्रित प्रजनन् स्वास्थ्य, एच.आइ.भि.सम्बन्धी सचेतना कार्यक्रम,

१२) महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका र आमा समूहको वैठकमा बाल बचाऊका सूचकवारे छलफल,
१३) आयोडिनयुक्त नुनको प्रयोग बारे सचेतना जागरुक गराई हरेक घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेको सुनिश्चितता,
१४) स्वास्थ्य संस्थाको मासिक तथा वार्षिक प्रतिवेदन संकलन तथा अध्ययन,
१५) कोरोना न्यूनिकरणका लागि बिभिन्न समयमा कोरोना रोकथाम सम्वन्धी विभिन्न कार्यक्रम तथा खोप सञ्चालन गरेको,
१६) समय समयमा स्वास्थ्य शिविर सञ्चालन,
१७) आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई निशुल्क स्वास्थ्य बिमा सुविधा,
१८) स्वास्थ्य संस्थाद्वारा बालसमूहलाई मास्क तथा पञ्जा वितरण,
१९) सामुदायिक तथा संस्थागत विद्यालयमा प्याड वितरण,
२०) वडामा स्तनपान कक्षको स्थापना भएको,
२१) डेङ्गु विरुद्ध समुदाय र विद्यालयमा सचेतना र सरसफाई कार्यक्रम संगै डेङ्गु लगायतका अन्य रोगव्याधी विरुद्ध औषधी र निशुल्क डेङ्गु परिक्षण ।

## ३.१.१ बाल बचाऊका सूचकहरूको विद्यमान अवस्थाः

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल बचाऊ सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | हालको अवस्था (२०८१/०६/३०सम्म | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ८ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ४ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने | ९७% | १००% | ६३ जना गर्भवती मध्ये समय पुगेका सबैले तालिका अनुसार जाँच गराएका छन्।१६२ सुत्केरी आमा सहित नवजात शिशु सबैले जाँच गराएका छन्। |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | ९७% | ९५% | ६३ जना गर्भवती मध्ये समय पुगेका ६१ जनाले टिडी विरुद्धको खोप लगाएता पनि २ जनाले दोश्रो वा थप खोप लगाएका छैनन। |

| | | | | |
|---|---|---|---|---|
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की ( जम्मा २२५ वटा ) खाएका हुनेछन्। | ९७% | ९५% | १६२ जना सुत्केरी मध्ये १५७ जनाले २२५ वटा आइरन चक्की खाएका छन् भने ५ जनाले पूरा खाएका छैनन् र ६३ जना गर्भवतीले नियमित खादैछन्। |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराईएका हुनेछन्। | १००% | ८०% | १६२ जना मध्ये १४७ स्वास्थ्य संस्थामा सुत्केरी भएका छन् भने १५ जना घरमै स्वास्थ्य कर्मीको सहयोगमा सुत्केरी भएका छन्। |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएका हुनेछन् । | ८१.४८ % | ८०% | ७५ जना शिशु मध्ये ६७ जना शिशुले पूर्ण स्तनपान पाएका छन्। ८ जनाले पाएका छैनन्। |
| ६ | छ महिना देखि पाँच वर्ष मूनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाईएको हुनेछ। | १००% | १००% | ६ महिना देखि ५ वर्ष मूनिका ७८२ जना सबै बालबालिकाले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका छन्। |
| ७ | १५ देखी २३ महिना भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ। | १००% | १००% | १५ देखी २३ महिना भित्रका सबै १३६ जना बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्णखोपयुक्त वडा घोषणा भएको छ। |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV prophylaxis पाएका हुनेछन्। | १००% | १००% | एच्आईभी संक्रमित बालबालिका नभएको। |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन्। | १००% | १००% | यस वडाका २३४५ घरपरिवार सबैले आयोडिनयुक्त नुनको प्रयोग गरेका छन्। |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मूनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | १००% | ८०% | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मूनिका बालबालिकाहरु नभएको। |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शून्य भएको हुनेछ । | १००% | १००% | यस वडामा अति कडा कुपोषण भएका बालबालिका नभएको। |

| | | | | |
|---|---|---|---|---|
| १२ | सबै घरधूरी मा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ। | १००% | १००% | सबै २३४५ घरधूरीमा खानेपानीको सुबिधा रहेको छ। |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ। | १००% | १००% | सबै २३४५ घरपरिवारमा साबुन पानीले हात धुने परिपाटीको विकास भएको छ। |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ। | १००% | १००% | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेका छन र खुला दिसा मुक्त घोषणा भइसकेको छ। |

## ३.२ बालसंरक्षणका सूचक हासिल गर्न वडाले गरेका महत्त्वपूर्ण कार्यहरू:

१. टोल विकास संस्थाहरुमा पत्राचार गरि जन्मदर्ता अभियान सञ्चालन गरिएको, खोपको बेला र विद्यालय भर्नाको बेला जन्मदर्ता अनिवार्य गरिएको छ,
२. टोल टोलमा, विद्यालयमा बालविवाह न्यूनिकरणका लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन भएको,
३. बालमैत्री आचारसंहिता एवं बालसंरक्षणका कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ,
४. वडा बालअधिकार समितिद्धारा विशेष गरी बालसंरक्षणको क्षेत्रमा सक्रियताका साथ कार्य भइरहेको छ,
५. विभिन्न पर्चा, पम्प्लेट, पत्राचार, सूचना वोर्डहरु राखिएको छ ,
६. सुरक्षा निकायको समन्वयमा सचेतना कार्यक्रम सञ्चालन भएको छ,
७. बालश्रम, बाल विबाह, बाल कुलत विरुद्धको कानुनी व्यवस्था साथै बालअधिकार सम्वन्धी माईकिंङ कार्यक्रम गरिएको छ,
८. टोल तथा विद्यालय बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखिकरण कार्यक्रम सञ्चालन भएको छ,
९. विभिन्न पसल, ग्यारेज, होटलमा बालश्रम, सूर्तिजन्य, मदिराजन्य पदार्थको बिक्रि वितरण नगराउने प्रतिबद्धता सहित फ्लेक्समा हस्ताक्षर गराई टाँस गरिएको छ,
१०. समुदाय र विद्यालयमा बालविवाह, बालश्रम, बालकुलत वारेमा अभिमूखीकरण गरिएको,
११. बालश्रममा भेटिएका ७ जना बालबालिकालाई बालअधिकार समितिद्धारा उद्धार, मनोसामाजिक परामर्श गरि बालबालिकालाई पारिवारिक पुनर्स्थापना र नियमित पठनपाठनमा जोड दिईएको छ,
१२. बाल बिवाह गर्ने प्रयास गरेका १० जोडी बालबालिकालाई वडा कार्यालयको सक्रियतामा अभिभावक सहित परामर्श र छलफल पश्चात बिवाह वदर गरि आ-आफ्नो अभिभावकको संरक्षणमा राखिएको।
१३. सबै विद्यालयमा लागुपदार्थ दुर्व्यसनी, साइबर अपराध सम्बन्धी अभिमूखीकरण सम्पन्न,
१४. सबै विद्यालयद्वारा बालबालिकालाई शारिरिक, मानसिक यातना नदिने प्रतिवद्धता गरिएको,
१५. बालविवाह, बालश्रम लगायत बालबालिका विरुद्ध हुने अन्य हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन,
१६. बालसंरक्षण सम्बन्धी पर्चा, पम्प्लेट वितरण गरिएको,

१७. आमाको मृत्यु पश्चात बुबाद्वारा त्यागिएको बालकको जन्मदर्ता गराई आफन्तको संरक्षणमा राखी विद्यालयमा भर्ना गराईएको।

१८. आत्महत्या गर्ने प्रयास गरेकी बालिकाको उद्धार, उपचार र परामर्श पश्चाल पारिवारिक पुनर्स्थापना

१९. छिमेकीबाट यौन दुर्व्यवहारमा परेकी बालिकाको उद्धार पश्चात कानुनी कारवाहिमा जोडिएको

२०. अभिभावकविहिन ४ बालबालिकालाई नगरबाट मासिक रु.२,०००\- शैक्षिक सहयोग उपलब्ध गराईएको।

२१. कुलतमा लागेका बालबालिकाका लागि नगरले गरेको सम्झौता अनुसार बालकको हकमा मामाघर नेपाल र बालिकाको हकमा माईती नेपालमा मनोपरामर्श र आवश्यक उपचार सहितको अल्पकालिन आवासिय व्यवस्थापन गरिएको,

२२. वडा कार्यालय, प्रहरी कार्यालय र विद्यालयमा बालमैत्री सम्पर्क व्यक्ति तोकिएको।

## ३.२.१ बाल संरक्षणका सूचकहरूको विद्यमान अवस्थाः

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लेखित बाल संरक्षण सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | हालको अवस्था (२०८१\०६\३०) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|
| १ | ५ वर्ष मूनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | १००% | १००% | कानूनी अड्चन भएका बाहेक वडाको घटना दर्ता अभिलेख अनुसार सबै बालबालिकाको जन्मदर्ता भएको। |
| २ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ। | १००% | १००% | वडा बाल अधिकार समिति र टोल विकास बाट नियमित अनुगमन एवं निगरानी भएको।<br>यस वडाको १४ वर्ष मूनिका बालबालिका कोहि पनि कुनै प्रकारको श्रममा नरहेको। |
| ३ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | १००% | १००% | वडा बाल अधिकार समिति, टोल विकास र बाल समूहबाट सचेतनामूलक कार्यक्रम साथै नियमित अनुगमन एवं निगरानी भएको, २०८० श्रावण देखि हालसम्म २० वर्ष नपुगेकाले विबाह नगरेको। |

| | | | | |
|---|---|---|---|---|
| ४ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान )विद्यालय, सामाजिक चाडपर्व, भेला (मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमि आएको हुनेछ । | ८१% | ८०% | वडा बाल अधिकार समिति, टोल विकास, आमा समूह, सुरक्षा निकाय र बाल समूहको सक्रियतामा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल रहेको, सचेतनामूलक अभिमुखिकरण र अन्य कार्यक्रम सञ्चालन भएको। |
| ५ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ। | १००% | १००% | वडा बाल अधिकार समितिको वैठक नियमित, टोल विकास, आमा समुह, सुरक्षा निकाय र बाल समुहको सकृयतामा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल, वडामा बालमैत्री सम्पर्क शाखा स्थापित, वडा, विद्यालय र राटोमाटे प्रहरी चौकीमा बालमैत्री सम्पर्क व्यक्ति तोकिएको र गुनासो पेटिका राखि सुनुवाईको व्यवस्था मिलाईएको, बालमैत्री वडा सहजकर्ता परिचालित |
| ६ | छाउपडि, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ। | १००% | ९५% | यस वडामा यस्ता कुप्रथा नरहेको। |
| ७ | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएमा)को संरक्षण गर्न विषेश व्यवस्था गरेका हुनेछन्। | १००% | १००% | यस वडामा १४ वर्ष मूनिका अभिभावक विहिन ४ जना बालबालिकालाई नगर मार्फत मासिक २००० शैक्षिक सहयोग उपलब्ध गर्ने व्यवस्था रहेको। |
| ८ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ। सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने। | १००% | १००% | यस वडामा सडक बालबलिका नरहेको। |
| ९ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | १००% | १००% | सबै विद्यालयले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनौ भनि लिखित प्रतिवद्धता गरेका छन। |

| | | | | |
|---|---|---|---|---|
| १० | कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | १००% | १००% | कुलतमा लागेका बालकलाई मामाघर नेपाल र बालिकालाई माईती नेपालमा राखी परामर्श र आवश्यकता अनुसार उपचार गर्न नगरसंग सम्झौता भए अनुसार वडाले सिफारिस गरि पठाउने व्यवस्था मिलाईएको। |

## ३.३ बाल विकासका सूचक हासिल गर्न वडाले गरेका महत्त्वपूर्ण कार्यहरूः

१. हरेक विद्यालयमा छात्र छात्राको अलग अलग शौचालय पहिचानका लागी संकेत वोर्ड जडान,
२. सेनेटरी प्याड वितरण र ईन्सिनेटर च्याम्बरको व्यवस्था,
३. बालमैत्री सम्पर्क शिक्षकहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखीकरण साथै विद्यालयका प्र.अ.हरु, वि.ब्य.स. सम्पर्क शिक्षकसंग बालविकासका सूचकहरुमा विशेष छलफल,
४. सामुदायिक र संस्थागत दुवै विद्यालयलाई खेलकुद सामाग्री वितरण,
५. वडा बाहिरका शैक्षिक संस्थामा अध्यन गर्ने विद्यार्थीलाई निःशुल्क बस सेवा उपलव्ध,
६. विद्यालयमा बालमैत्री आचारसंहिता र बालअधिकार सम्बन्धी फ्ल्याक्स ब्यानर, पर्चा वितरण,
७. विद्यालयमा नियमित अतिरिक्त कृयाकलाप सञ्चालन र क्रियाकलाप सञ्चालन भए नभएको अनुगमन,
८. विद्यालयमा कुहिने र नकुहिने फोहोर वर्गीकरण सम्वन्धी अतिरिक्त कक्षा सञ्चालन, लेवल अनुसार डस्विनमा फोहोर सङ्कलन र उचित विसर्जन,
९. घरदैलो गरि विद्यालय भर्ना अभियान,
१०. लगातार विद्यालय अनुपस्थित हुने बालबालिकाको अभिभावक तथा विद्यार्थीसंग छलफल कार्यक्रम,
११. विद्यालयमा कक्षा कोठा र शौचालयमा जान र्‍यामको व्यवस्थापन,
१२. बा. वि. केन्द्रका विद्यार्थीको सिकाई उपलब्धी सहितको व्यक्तिगत फाइल व्यवस्थापन,
१३. सामुदायीक विद्यालयमा १ देखि ५ कक्षासम्मको बालबालिकाको लागि दिवा खाजा तथा आर्थिक अवस्था कमजोर भएका बालबालिकाको लागि समेत दिवा खाजा,
१४. विद्यालय तथा समुदायमा बालअधिकार, बालमैत्री स्थानीय शासन, बालमैत्री आचार संहिता लगायत अन्य सुचनामुलक भित्ते लेखन (चित्र सहित),
१५. गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती,
१६. SEE मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई नगद र प्रमाणपत्र सहित सम्मान।

### ३.३.१ बाल विकासका सूचकहरूको विद्यमान अवस्थाः

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल विकास सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | हालको अवस्था २०८१\०६\३० | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|
| १ | ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सत प्रतिशत रहेको हुनेछ (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने) | १००% | १००% | यस वडाका ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको। |
| २ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखी कक्षा ८ सम्म) पुरा गरेका हुनेछन्। | १००% | १००% | यस वडाका ५ देखि १४ वर्ष उमेर समूहका सबै बालबालिकाले आधारभूत शिक्षा पुरा गरेको। |
| ३ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भई यसको प्रयोग भएको हुनेछ । | १००% | १००% | ८ सामुदायिक र २ संस्थागत गरि १० वटा विद्यालय सबैमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालय, महिनावारी हुदाँ प्याड र प्याड विसर्जनको उचित व्यवस्था भई यसको प्रयोग भएको। |
| ४ | सबै विद्यालयका पूर्वाधार ( कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा ) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन्। | १००% | १००% | यस वडाका १० वटै विद्यालयका पूर्वाधार ( कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा ) सुधार पश्चात बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुँदै गरेको। |
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ। | १००% | १००% | यस वडाका १० वटै विद्यालयका विद्यार्थीलाई नियमित अतिरिक्त क्रियाकलापमा सहभागी गराई सोको अभिलेखीकरण गरिएको। |
| ६ | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था हुनेछन्। | १००% | १००% | सवै विद्यालयले कुहिने र नकुहिने फोहोर लेवल अनुसारको डस्टबिनमा वर्गिकरण गरि उचित विसर्जन गर्ने गरेको। |

## ३.४ बाल सहभागिताका सूचकमा भएका महत्त्वपूर्ण कार्यहरूः

१. बालसमूह स्टेशनरी सहितको टिनको बाकस वितरण गरि नियमित बैठक सञ्चालन,
२. बालसमूह र संजालद्वारा नियमित अतिरिक्त कृयाकलाप सञ्चालन र अतिरिक्त कृयाकलापका लागि बजेट व्यवस्थापन (वडा मार्फत),
३. वडास्तरीय बाल समूह संजाल र सबै बालसमूहहरुलाई खेलकुद सामाग्री वितरण,
४. वडा बालमैत्री समितिद्धारा बालबालिका, अभिभावक तथा समाजका अगुवा सहितको उपस्थितीमा बालसमूहको महत्व र बालमैत्री स्थानीय शासनको विषयमा सचेतना सहित २४ वटा बालसमूह र १ वडास्तरीय बाल संजाल गठन तथा परिचालन,
५. वडा र विभिन्न संघसंस्थाबाट क्षमता विकास अभिमूखीकरण कार्यक्रम,
६. बालबालिकाहरुलाई बालअधिकार र बालमैत्री स्थानीय शासन सम्बन्धी क्षमता विकास र बालसमूह व्यवस्थापन एवम् कार्ययोजना निर्माणमा सहजीकरण,
७. वडास्तरीय बालमैत्री स्थानीय शासन समिति, वडा बालअधिकार समिती, विपद् व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति र टोल विकास समितिमा १ बालक र १ बालिकाको (आमन्त्रित) सहभागिता सूनिश्चत भएको,
८. वडास्तरीय बालभेला आयोजना तथा माग भई आएका योजना वार्षिक बजेटमा समावेश भई कार्यान्वयन भएको,
९. विद्यालय, टोल, वडा र नगरस्तरीय विभिन्न कार्यक्रमहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता।

## ३.४.१ बाल सहभागिताका सूचकहरूको विद्यमान अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल सहभागिता सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | हालको अवस्था (२०८१\०६\३०) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|
| १ | स्थानीय तहमा समावेशी आधारमा बाल संजाल गठन भई क्रियाशिल (न्युनतम वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेको। | १००% | ९५% | मिति २०८० जेष्ठ १७ गते गठन भएको वडास्तरीय बालसंजालको बैठक र अतिरिक्त कृयाकलाप नियमित र नगरमा सुचिकृत। |
| २ | स्थानीय तहमा वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लब गठन भै क्रियाशील (न्युनतम वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका | १००% | ९५% | टोलस्तरीय १७ र विद्यालयस्तरीय ७ वटा गरी २४ बाल समूहको बैठक र अतिरिक्त कृयाकलाप नियमित, सबै बाल समूहहरु वडामा सुचिकृत। |

| | | | | |
|---|---|---|---|---|
| | हुनेछन्। | | | |
| ३ | ५ कक्षा भन्दा माथि अध्ययनअध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ। | १००% | १००% | वडाका ७ वटा विद्यालयका व्यवस्थापन समितिमा बालसमूहको आमन्त्रित सहभागिता रहेको। |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब/संजालको प्रतिनिधित्व रहनेछ। | १००% | १००% | स्वास्थ्य व्यवस्थापन समितिमा वडा बाल संजालका १ बालक १ बालिकाको आमन्त्रित प्रतिनिधित्व रहेको। |
| ५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना / समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ। | १००% | ९०% | वडामा रहेको विभिन्न सरोकारवाला समितिमा १ बालक र १ बालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिएको। |
| ६ | बालभेलाबाट माग भई आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन्। | १००% | १००% | मिति २०८१ असार ३ मा आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भई आएका योजना वडाको वार्षिक बजेटमा समावेश गरिएको , पञ्चवर्षिय लगानी योजना नगर कार्यपालिकाबाट स्विकृत भएको। |

## ३.५ संस्थागत सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू:

१. वडामा बालमैत्री स्थानीय शासन वडा समिति र वडा बालअधिकार समिति गठन भई क्रियाशील रहेका,
२. वडामा बालमैत्री शाखा स्थापना भई एक जनप्रतिनिधीलाई बालमैत्री सम्पर्क व्यक्तिको जिम्मेवारी दिईएको र बालमैत्री वडा सहजकर्ता परिचालन,
३. बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा रहेको र बालभेलाबाट माग भई आएका योजनाको आधारमा स्थानीय तहको विकास योजना तर्जुमा र कार्यान्वयन
४. बाल वस्तुगत विवरण र सेवा प्रदायकको तथ्याङ्क विश्लेषणको आधारमा बालबालिकाको लागि पञ्चवर्षिय लगानी योजना तर्जुमा गरी कार्यान्वन भईरहेको,
५. बालबालिका सम्बन्धी स्थिती प्रतिवेदन र पञ्चवर्षिय रणनितिक योजना तयार ,
६. प्रारम्भिक बाल शिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि तथा विद्यालय बस सञ्चालन निर्देशिका प्रकाशन, वितरण एवं कार्यान्वयन भएको,
७. बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सत्र सञ्चालन भईरहेको,

८. स्थानीय प्रहरी कार्यालयमा बालमैत्री सम्पर्क शाखा स्थापना गरी सञ्चालनमा रहेको र बालमैत्री सम्पर्क व्यक्ति तोकिएको,

९. वडा कार्यालयमा स्तनपान कक्षको योजना रहेको र हाललाई पदमपोखरी अस्पतालमा स्तनपान कक्षको व्यवस्था गरिएको,

१०. बाल संरक्षण प्रणाली अन्तरगत नगरस्तरीय बालकोषको व्यवस्थापन गरिएको र बाल सहभागिता सहितको वडाको विपद् व्यवस्थापन समिति मार्फत संस्थागत जगेडा सामाग्री राख्ने तयारी।

११.विद्यालय तथा सार्वजनिक भवनमा बालमैत्री, अपाङ्गमैत्री संरचना हुदैं गरेको।

## ३.५.१ संस्थागत सूचकहरूको विद्यमान अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित संस्थागत विकास सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र स | सूचक | हालको अवस्था (२०८१\०६\३०) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|
| १ | वडा बालमैत्री स्थानीय शासन समितिहरु गठन भई क्रियाशिल रहेका हुनेछन्। | १००% | १००% | बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समिति गठन र सक्रिय |
| २ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्। | १००% | १००% | निम्न नीति, नियम, कार्यविधी र निर्देशिका कार्यान्यनमा ल्याईएकोः<br>•हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन,२०७९ ,<br>•हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति , २०७९ (बालमैत्री आचारसहितां समावेश गरिएको)<br>•बालसमूह संजाल गठन तथा सहजिकरण निर्देशिका,२०७९,<br>•बालकोष स्थापना र सञ्चालन कार्यविधि , ,२०७९<br>•बालमैत्री स्थानीय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि,२०७७ ,<br>•प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| | | | | कार्यविधि,२०८०,<br>•विद्यालय बस सञ्चालन निर्देशिका,२०८० |
| ३ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ। | १००% | ८०% | • वडाको परिसरमा बाल उद्यान निर्माण कार्य सुरु भएको।<br>• हेटौंडाको पुष्पलाल पार्कमा रहेको नगरस्तरीय बाल उद्यानमा सिकाई स्रोत केन्द्र स्थापना भई सञ्चालनमा ल्याईएको। |
| ४ | बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल)को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ। | १००% | १००% | बाल वस्तुगत विवरण तयार भए पश्चात २०८० माघ ४ गते पञ्चवर्षिय लगानी योजना निर्माण गरि नगर कार्यपालिकाबाट स्विकृत भएको। |
| ५ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको | १००% | १००% | मिति २०८१\०३\०३ गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भई आएका योजना वडाको वार्षिक बजेटमा समावेश गरि कार्यान्वयन भएको। |

| | | | | |
|---|---|---|---|---|
| | हुनेछन्। | | | |
| ६ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ। | १००% | १००% | वडा नं. १५ को बालबालिकाको स्थीति पत्र तयार। |
| ७ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानिय तहले तोकेको न्युनतम मापदण्ड पुरा गरेका हुनेछन् । | १००% | १००% | यस वडाका १० वटै बाल विकास केन्द्र नगरको प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि २०८० अनुसार सञ्चालन भइरहेको। |
| ८ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरीक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | १००% | १००% | सबै विद्यालयले अतिरिक्त कृयाकलाप अन्तर्गत बालमैत्री वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरीक्त कक्षा सञ्चालन सञ्चालन गरिएको। |
| ९ | आधारभुत शिक्षा पश्चात विद्यालयका शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यवसायीक तथा सिपमुलक तालिम) प्राप्त गरेका हुनेछन्। | १००% | १००% | यस वडामा आधारभूत विद्यालय शिक्षावाट वञ्चित भएका बालबालिकाहरु यस वर्ष नभेटिएको।<br>बालसमूहमा आवद्ध बालबालिकालाई नियमित रुपमा व्यवहारिक ज्ञान, बोली व्यवहार, पारिवारिक संस्कार बारे जीवन उपयोगी शिक्षा दिने गरिएको। |
| १० | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाइ रहेका हुनेछ । | १००% | १००% | रातोमाटे प्रहरी चौकीमा बालमैत्री सम्पर्क शाखा स्थापना गरि बालमैत्री सम्पर्क व्यक्ति समेत तोकिएको। |
| ११ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्युनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | १००% | १००% | यस वडाका २ वटा विद्यालयले सञ्चालन गरिरहेको स्कुल बस नगरको विद्यालय बस सञ्चालन निर्देशिका, २०८० को मापदण्ड अनुसार रहेको |

| | | | | |
|---|---|---|---|---|
| १२ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ | १००% | १००% | वडा कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको। |
| १३ | बसपार्क, सिनेमा हल, हाट बजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ। | १००% | १००% | यस वडामा रहेको सार्वजनिक स्थानमा खानेपानी धारा र शौचालय बालमैत्री हुदै गरेको। |
| १४ | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ। | १००% | १००% | बाल सहभागिता सहित विपद् व्यवस्थापन समिति गठन भई बैठक बसेको। |
| १५ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | १००% | १००% | विपद् व्यवस्थापन कोषको व्यवस्था गरि विपद् व्यवस्थापन सामाग्री जगेडा राख्ने व्यवस्था हुदैं गरेको। |

### ४. वडाको शासकीय संरचनामा बालबालिकाको सहभागिताको स्थितिः

| क्र.स. | बाल सहभागिता भएको निकाय | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन वडा समिति | १ | १ | २ |
| २ | वडा बाल अधिकार समिति | १ | १ | २ |
| ३ | विद्यालय व्यवस्थापन समितिमा आमन्त्रित | ७ | ७ | १४ |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा आमन्त्रित | १ | १ | २ |
| ५ | वडा बालसमूह संजाल | ११ | १४ | २५ |
| ६ | विपद् व्यवस्थापन समिति | १ | १ | २ |
| **जम्मा प्रत्यक्ष सहभागिता** | | **२२** | **२५** | **४७** |

### ५. १५ नं. वडामा रहेका बालसमूहहरुको नामावली

| क्र.स. | बाल समुह | अध्यक्ष | बालक संख्या | बालिका संख्या | जम्मा | गठन मिति |
|---|---|---|---|---|---|---|
| वडा स्तरीय बाल समुह संजाल | | आकृती विश्वकर्मा | १२ जना | १३ जना | २५ | २०८०/०२/१७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विद्यालय स्तरीय बाल समुह | | | | | | |
| १ | हिमाल बाल समुह | आयुषा थिङ्ग | ७ जना | १८ जना | २५ | २०८०/०२/११ |
| २ | गौरीशिखर बाल समुह | जेनिषा गोङ्वा | १३ जना | १२ जना | २५ | २०८०/०२/०५ |
| ३ | लिटल फ्लावर बाल समुह | वर्षा निउरे | १० जना | १५ जना | २५ | २०८०/०२/०७ |
| ४ | जागृती बाल समुह | पासाङ्ग वल | ९ जना | १६ जना | २५ | २०८०/०१/२१ |
| ५ | चिप्लेटी बाल समुह | स्मृती थिङ्ग | ११ जना | १४ जना | २५ | २०८०/०२/१२ |
| ६ | चुरियामाई बाल समुह | चण्डिका स्याङ्बो | ११ जना | १४ जना | २५ | २०८०/०२/०७ |
| ७ | वनदेवी बाल समुह | सविना तामाङ्ग | १२ जना | १३ जना | २५ | २०८०/०२/०४ |
| टोलस्तरीय बाल समुह | | | | | | |
| १ | उच्च बाल समुह | प्रार्थना श्रेष्ठ | ११ जना | १४ जना | २५ | २०८०/०२/१६ |
| २ | उत्कृष्ट बाल समुह | अस्मिता भोम्जन | ११ जना | १४ जना | २५ | २०८०/०२/१५ |
| ३ | लालिगुँरास बाल समुह | मोनालिषा ढकाल | १० जना | १५ जना | २५ | २०८०/०२/१५ |
| ४ | चित्रेपानी बाल समुह | अस्मिता थोकर | ११ जना | १४ जना | २५ | २०८०/०२/१५ |
| ५ | राजधानी बाल समुह | छोईसङ्ग रुम्बा | ११ जना | १४ जना | २५ | २०८०/०२/११ |
| ६ | पनेश बाल समुह | नविन लो | १३ जना | १२ जना | २५ | २०८०/०२/११ |
| ७ | बालज्योती बाल समुह | पुर्णिमा नेगी | ५ जना | २० जना | २५ | २०८०/०२/१० |
| ८ | सगरमाथा बाल समुह | कुनाल भोलन | ११ जना | १४ जना | २५ | २०८०/०२/१० |
| ९ | याङलाबुद्ध बाल समुह | संजिता गोले | १३ जना | १२ जना | २५ | २०८०/०२/०९ |
| १० | सुनौलो बिहानी बाल समुह | रजिना थिङ्ग | ११ जना | १४ जना | २५ | २०८०/०२/०८ |
| ११ | कालिकामाई बाल समुह | दिपक सुनार | १४ जना | ११ जना | २५ | २०८०/०२/०७ |
| १२ | सयपत्री बाल समुह | सरिता स्याङ्तान | १५ जना | १० जना | २५ | २०८०/०२/०७ |
| १३ | गोदावरी बाल समुह | सलोमी मोक्तान | १२ जना | १३ जना | २५ | २०८०/०२/०७ |
| १४ | प्रसंसा बाल समुह | दिया तितुङ्ग | ६ जना | १९ जना | २५ | २०८०/०२/०६ |
| १५ | परिश्रमी बाल समुह | दिपशिखा भ्लोन | १२ जना | १३ जना | २५ | २०८०/०२/०६ |
| १६ | सानो सुकौली बाल समुह | सरुष्मा थिङ्ग | ९ जना | १६ जना | २५ | २०८०/०२/०६ |
| १७ | उज्वल बाल समुह | आकृती विश्वकर्मा | ६ जना | १९ जना | २५ | २०८०/०२/०६ |
| जम्मा | | | २५४ | ३४६ | ६०० | |

## ६. १५ नं. वडास्तरीय बाल समूह सञ्जालका पदाधिकारीको नामवली

| क्र.स | पद | नाम | प्रतिनिधित्व गर्ने बाल समूह |
|---|---|---|---|
| १ | अध्यक्ष | आकृति विश्वकर्मा | उज्वल बालसमुह |
| २ | उपाध्यक्ष | विकास लामा | जागृती बालसमुह |

| | | | |
|---|---|---|---|
| ३ | सचिव | प्रार्थना श्रेष्ठ | उच्च बालसमुह |
| ४ | सह-सचिव | पेरिका मगर | गौरीशिखर बालसमुह |
| ५ | कोषाध्यक्ष | छेवाखङ्ग वाईवा | चित्रेपानी बालसमुह |
| ६ | सदस्य | अनिशा दोङ | सानोसुकौली बालसमुह |
| ७ | सदस्य | दिपशिखा लामा | परिश्रमी बालसमुह |
| ८ | सदस्य | रजिना थिङ | सुनौलो बिहानी बालसमुह |
| ९ | सदस्य | विप्लव दोङ | प्रशंसा बालसमुह |
| १० | सदस्य | विनिता भोलन | बालज्योती बालसमुह |
| ११ | सदस्य | निमा रुम्बा | लालिगुरास बालसमुह |
| १२ | सदस्य | सन्जिता गोले | याङला बुद्ध बालसमुह |
| १३ | सदस्य | दिपशिखा पाख्रिन | गोदावरी बालसमुह |
| १४ | सदस्य | सन्जिव डिम्डुङ | उत्कृष्ट बालसमुह |
| १५ | सदस्य | रणविर घलान | पनेश बालसमुह |
| १६ | सदस्य | सुजल लो | राजधानी बालसमुह |
| १७ | सदस्य | मौसम महतो | कालिकामाई बालसमुह |
| १८ | सदस्य | उमेश घलान | सयपत्री बालसमुह |
| १९ | सदस्य | विरोध लुङवा | सयपत्री बालसमुह |
| २० | सदस्य | सुजिता भोम्जन | चिप्लेटि बालसमुह |
| २१ | सदस्य | सुविर स्याङतान | चिप्लेटि बालसमुह |
| २२ | सदस्य | कुनाल भोलन | सगरमाथा बालसमुह |
| २३ | सदस्य | सुसन्ना घलान | हिमाल बालसमुह |
| २४ | सदस्य | असमान लोप्चन | वनदेवी बालसमुह |
| २५ | सदस्य | अभिषेक घलान | चुरियामाई बालसमुह |

## ७. वडा समिति, बालमैत्री स्थानीय शासन वडा समिति र वडा बालअधिकार समितिमा भएका पदाधिकारीहरूको नामावली:

*वडा समिति, १५ नं. वडा*

| क्र.स. | नाम थर | पद | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | सुनिल मोक्तान | वडा अध्यक्ष | ९८५५०६८७२० |
| २ | पातलीमाया गोङ्वा | वडा सदस्य (कार्यपालिका सदस्य) | ९८६५०११२९६ |
| ३ | मिनु विश्वकर्मा | वडा सदस्य (बालमैत्री वडा सम्पर्क व्यक्ती) | ९८४५०११६८३ |
| ४ | राजेन्द्र तितुङ्ग | वडा सदस्य | ९८५५०१७३३३ |
| ५ | सिंह वहादुर लो | वडा सदस्य | ९८४१२०८९१९ |
| ६ | कृष्ण वहादुर क्षेत्री | वडा सचिव | ९८४५६१८२०० |

## बालमैत्री स्थानीय शासन वडा समिति

| क्र.स. | पद | नाम थर | प्रतिनिधित्व गर्ने संस्था | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | सुनिल मोक्तान | वडा अध्यक्ष | ९८५५०६८७२० |
| २ | सदस्य | पातलीमाया गोङ्वा | वडा सदस्य (कार्यपालिका सदस्य) | ९८६५०११२९६ |
| ३ | सदस्य | मिनु विश्वकर्मा | वडा सदस्य (बालमैत्री वडा सम्पर्क व्यक्ती) | ९८४५०११६८३ |
| ४ | सदस्य | राजेन्द्र तितुङ्ग | वडा सदस्य | ९८५५०१७३३३ |
| ५ | सदस्य | सिंह वहादुर लो | वडा सदस्य | ९८४१२०८९१९ |
| ६ | सदस्य | धनेश्वर शाह | स्वास्थ्य संस्था प्रमुख | ९८४५१०७१७३ |
| ७ | सदस्य | सिंह वहादुर विश्वकर्मा | टो.वि.स.व.स.स. अध्यक्ष | ९८४५२९८९०७ |
| ८ | सदस्य | जुना दंगाल | महिला जागरण अध्यक्ष | ९८४५१०७२६६ |
| ९ | सदस्य | केशव प्रसाद संजेल | प्र.अ., जनजागृती विद्यालय | ९८४५०३०८७६ |
| १० | सदस्य | डिल वहादुर घिमिरे | वि.व्य.स. अध्यक्ष, वनदेवी विद्यालय | ९८४५०३३३८० |
| ११ | सदस्य | बिक्रम राना मगर | प्र.अ., गौरीशिखर विद्यालय | ९८५५०५०१९१ |
| १२ | सदस्य | रिता लामा | स्वास्थ्य स्वयम सेविका | ९८५५०७२७५८ |
| १३ | सदस्य | दिपशिखा पाख्रिन | बालिका प्रतिनिधी, वडा बाल संजाल | ९८०७१४३७३४ |
| १४ | सदस्य | विप्लप दोङ | बालक प्रतिनिधी, वडा बाल संजाल | ९८०२४६३१८६ |
| १५ | सदस्य सचिव | कृष्ण वहादुर क्षेत्री | वडा सचिव | ९८४५६१८२०० |

## वडा बालअधिकार समिति

| क्र.स. | पद | नाम थर | प्रतिनिधित्व गर्ने संस्था | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | संयोजक | सुनिल मोक्तान | वडा अध्यक्ष, १५ नं. वडा | ९८५५०६८७२० |

| | | | | |
|---|---|---|---|---|
| २ | सदस्य | मिनु विश्वकर्मा | वडा सदस्य, १५ नं. वडा | ९८४५०११६८३ |
| ३ | सदस्य | धनेश्वर शाह | स्वास्थ्य संस्था प्रमुख | ९८४५१०७१७३ |
| ४ | सदस्य | जय प्रसाद पोखरेल | प्र.अ., वनदेवी विद्यालय | ९८४५०२९३५२ |
| ५ | सदस्य | जुना दंगाल | महिला जागरण | ९८४५१०७२६६ |
| ६ | सदस्य | देव कुमारी बस्नेत | फारलाईन टो वि स | ९८४५०११७७३ |
| ७ | सदस्य | मञ्जु कुमारी राना | प्रहरी प्रमुख | ९८५१२८४०२२ |
| ८ | सदस्य | युवराज लो | बालअधिकार कर्मी | ९८४४७१६२७४ |
| ९ | सदस्य | आकृती विश्वकर्मा | बालिका प्रतिनिधी, वडा संजाल | ९८४९९६४८६७ |
| १० | सदस्य | विकास लामा | बालक प्रतिनिधी, वडा संजाल | ९८०९२०७४०० |
| ११ | सदस्य सचिव | कृष्ण वहादुर क्षेत्री | वडा सचिव | ९८४५१०७१७३ |

## ८.बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण तथा तहगत खुड्किला प्राप्ति सम्वन्धी विवरण:

### क) पूर्व तयारीको चरण :

| क्र स | विवरण | पूरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | कार्यपालिकाबाट नपालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गर्ने। | √ | | मिति २०७९/०५/२४ गतेको कार्यपालिकाको निर्णयको प्रतिलिपि। |
| २ | बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी नगर समितिका पदाधिकारी र अन्य सरोकारवालाहरूलाई अभिमूखिकरण गर्ने। | √ | | • मिति २०७९ मंसिर २६ गते सम्पन्न भएको अभिमूखीकरण कार्यक्रमको उपस्थिति, प्रतिवद्धता पत्र तथा तस्वीरहरू,<br>• यस वडामा २०७९ मंसिर देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरेको माइन्यूटको प्रतिलिपी,<br>• २०८० जेष्ठ देखि विभिन्न मितिमा टोलस्तरीय अभिमूखिकरण कार्यक्रम सञ्चालनको प्रतिलिपि। |
| ३ | कार्यपालिका र बालमैत्री स्थानीय शासन नगरस्तरीय समितिबाट लिखित प्रतिवद्धता गर्ने। | √ | | वडास्तरीय सरोकारवालाहरूलाई अभिमूखीकरणको दिन गरिएको सामुहिक प्रतिवद्धता फ्लेक्सको फोटो। |
| ४ | बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई नगरपालिकामा बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने र प्रकाशन गर्ने। | √ | | • २०७९ फाल्गुन देखि जेष्ठ सम्ममा घरधूरी सर्वेक्षण,<br>• घरधूरी सर्वेक्षणको आधारमा बाल वस्तुगत विवरण तयार र २०८० पौष २४ मा बाल वस्तुगत विवरण छलफल र बाल वस्तुगत विवरणको १ थान किताव। |
| ५ | बालमैत्री स्थानीय शासनका सूचकको स्थानीयकरण गर्ने। | √ | | मिति २०८० मंसिर १४ गतेका दिन बालमैत्री स्थानीय शासनका सूचक मापनयोग्य सरलिकरण कार्यशाला सञ्चालन प्रतिलिपी/फोटो |
| ६ | बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीय नीति/रणनीति/कार्यविधि निर्देशिका र आचारसंहिता तयार गर्ने | √ | | निम्न नीति, नियम, कार्यविधी र निर्देशिका कार्यान्यनमा ल्याईएको:<br>• हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन, २०७९,<br>• हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति, २०७९ (बालमैत्री आचारसंहिता समावेश गरिएको),<br>• बालसमूह संजाल गठन तथा सहजिकरण निर्देशिका,२०७९, |

| | | | | |
|---|---|---|---|---|
| | | | | • बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९,<br>• बालमैत्री स्थानीय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि, २०७७,<br>• प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि,२०८०,<br>• विद्यालय बस सञ्चालन निर्देशिका, २०८० |

## ख) तयारीको चरणः

| क्र स | विवरण | पूरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | नगरपालिका र वडामा बालमैत्री स्थानीय शासनका लागि संस्थागत प्रबन्ध(सम्पर्क शाखा, सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने। | √ | | मिति २०७९/०८/२५ को निर्णय अनुसार वडा सदस्य श्री मिनु विश्वकर्मालाई बालमैत्री सम्पर्क व्यक्ति तोकिएको र निजको कार्यकक्षमा बालमैत्री सम्पर्क शाखा रहने तोकिए बमोजिम व्यवस्थापन रहेको कागजात प्रमाण। |
| २ | बालमैत्री स्थानीय शासन अबलम्बन गर्ने वडाहरू छनोट गर्ने। | √ | | मिति २०७९/०५/२४ मा नगर कार्यपालिकाद्वारा सम्पुर्ण वडा सहित नगरलाई बालमैत्री स्थानीय शासनयुक्त वडा बनाउने निर्णयको प्रतिलिपि। |
| ३ | बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिवद्धता प्राप्त गर्ने। | √ | | बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकाय संग बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि अन्तरकृया गरि प्रतिवद्धतामा हस्ताक्षर गरेको प्रतिलिपि र फोटो। |
| ४ | बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि लगानी योजना तयार गर्ने। | √ | | २०८० माघ ४ गते पञ्चवर्षिय लगानी योजना तयार गरि प्रकाशन गरिएको १ थान किताव। |
| ५ | बालकोष सञ्चालन कार्यविधि स्वीकृति, बालकोष स्थापना र सञ्चालन गर्ने । | √ | | बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९ (राजपत्र) |
| ६ | बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार बाल क्लव, बाल सञ्जाल टोल विकास संस्था,समुदायमा आधारित संस्थाहरूको गठन र परिचालन गर्ने। | √ | | विद्यालयस्तरीय ७, टोलस्तरीय १७ र १ वटा वडा बाल संजाल गठन भई क्रियाशिल रहेको माइन्युटको प्रतिलिपी। |

## ग) नीति योजना तर्जुमा तथा कार्यान्वयनको चरणः

| क्रस | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरूको तयारी गर्ने। | √ | | • नगर कार्यान्वयन सहजिककरण समिति गठन एवं परिचालन बैठक आदिको प्रतिलिपी<br>• लगानी योजना अन्तर्गतका नतिजामुखी कार्ययोजना तयार र कार्यान्वयनको प्रतिलिपी। |
| २ | छनोट भएका क्रियाकलापहरूका लागि आवश्यक बजेट विनियोजन गर्ने। | √ | | नगर सभाद्वारा गरिएको निर्णय र वार्षिक बजेट, नीति तथा कार्यक्रम (रातो किताब) । |
| ३ | साझेदार र सरोकारवालाहरूको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने। | √ | | • सबै साझेदार र सरोकारवालालाई साझेदारी समन्वय र कार्यान्वयन गराउनका लागि नगरस्तरीय गठित कार्यन्वयन सहजिकरण समितिको अभिलेख,<br>• सरोकारवालाको समन्वय संजाल निर्माण बाँकी। |
| ४ | स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने। | √ | | बालमैत्री स्थानीय शासन वडा समितिद्वारा स्विकृत गरिएको वडास्तरीय बालमैत्री स्थानीय शासन अवलम्वन तथा कार्यान्वयनका लागि कार्ययोजना । |
| ५ | बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने। | √ | | विषयगत शाखाहरूले नगरलाई लेखिदिएको प्रतिवद्धता पत्रहरू। |

## घ) अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको चरण :

| क्रस | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | वडा समिति, नगरस्तरीय समितिबाट सूचक सूचक पुरा भएको अवस्थामा सरोकारवालाहरू समेतको सहभागितामा, अनुगमन र समिक्षा गरी प्रतिवेदन तयार गर्ने। | √ | | स्थलगत अनुगमन गरेको चेकलिष्टहरू, अन्तिम सूचक मापन र वडाको अन्तिम प्रतिवेदन। |
| २ | बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकीकरण गर्ने। | √ | | बालमैत्री स्थानीय शासनको अन्तिम स्थीतीपत्र , २०८१ तथा सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति। |
| ३ | बालमैत्री स्थानीय शासनको घोषणाका लागि तोकिएको निकायबाट अनुगमन गर्ने। | √ | | जिल्ला समन्वय समितिको वडा घोषणाको सिफारिस पत्र। |
| ४ | वडा/स्थानीय तहबाट सूचक पुरा भएको प्रमाणीकरण गर्ने। | √ | | विषयगत शाखाद्वारा आ-आफ्नो क्षेत्रगत सूचक प्रमाणित गरी वडामा पेश गरेको प्रतिलिपि। |

| | | | | |
|---|---|---|---|---|
| ५ | बालमैत्री वडा घोषणाका लागि तोकिएको निकायबाट अनुमती प्रदान गर्ने। | √ | | वडा घोषणका लागि नगर कार्यपालिकाको स्वीकृति बैठकको निर्णय र वडालाई दिएको अनुमति पत्र। |

## ङ. बालमैत्री वडा घोषणा र दिगोपनाको चरण:

| क्र.स | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | बालमैत्री वडा घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने। | √ | | घोषणा पश्चात दिगोपनाका लागि पञ्चवर्षीय रणनीतिक योजना छापिएको किताव। |
| २ | बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र नगरपालिका/ घोषणा गर्न सम्बन्धित गाउँ नगर सभाको निर्णय। | √ | | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नका लागि आवश्यक कागजात प्रतिवेदन नगर कार्यपालिकामा पेश गरि नगर कार्यपालिकाको बैठकको निर्णय पश्चात सो निर्णयको प्रतिलिपी समावेश गरिनेछ। |
| ३ | बालमैत्री वडा घोषणा। | √ | | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेपछि अभिलेख प्रतिवद्धता समावेश गरिनेछ। |
| ४ | बालमैत्री वडा घोषणापश्चातको रणनीतिक योजना कार्यान्वयन। | √ | | पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनका लागि वडासमितिले प्रतिवद्धता सहित गरेको निर्णयको प्रतिलिपि। |
| ५ | वार्षिक रूपमा प्रतिवेदन तयारी र प्रकाशन गर्ने। | √ | | वडाको अन्तिम प्रतिवेदन |
| ६ | बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता। | √ | | • वडामा एक जना बालमैत्री सहजकर्ता, एकजना सम्पर्क व्यक्ति तोकिएको र वडा सदस्यहरुलाई टोल विभाजन जिम्मेवारी बाँडिएको,<br>• वडा बालमैत्री स्थानीय शासन समिति, वडा बालअधिकार समिति, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, बालसमूह र सञ्जाल तथा वडा समितिले बालमैत्री स्थानीय शासन दिगोपनाका लागि प्रतिवद्धता गरेको निर्णयको प्रतिलिपी। |

## ९.बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्थाः

**बालबालिकाको लागि स्थानीय लगानी योजनाः**

१५ न. वडाले २०७९ सालदेखि नै बालमैत्री स्थानीय शासनको कार्ययोजना तयार गरि स्थानीय विकास योजना (नीति तथा कार्यक्रम)मा समावेस गर्दै आएको छ । वडाका जनप्रतिनिधी, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, टोल विकास संस्थाका पदाधिकारी, बाल सञ्जालका बालबालिका, स्वयंसेविका, सुरक्षाकर्मी, सामुदायिक संघसंस्थाहरु लगायत वडाका सम्पूर्ण सरकोकारवालाको संलग्नतामा स्थानीय लगानी योजना तयार हुनुका साथै यसको कार्यान्वयनको अवस्था पनि राम्रो छ । यस वडाका अधिकतम योजनाहरु कार्यान्वयन हुने गरेका छन् ।

बालबालिकाको क्षेत्रमा यस वडाले बजेट विनियोजन गरी बालबालिकाद्धारा माग र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा निर्देशित कार्यक्षेत्रमा लगानी गरेको छ। साथै वडाको हरेक वार्षिक र आवधिक योजनाहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता मार्फत नै योजनाहरु माग भइ कार्यान्वयनको चरणमा जाने समेत आवधिक लगानी योजना (पञ्चवर्षिय) मार्फत सुनिश्चित गरिएको छ। वार्षिक रुपमा बाल भेला गराई सो भेलाबाट प्राथमिकिकरण गरि माग भई आएका योजनालाई वडाको वार्षिक बजेटमा समावेश गरि कार्यान्वयनमा समेत ल्याईएको हुनाले योजना निर्माणमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित भएको छ।

## आ.व. २०८०\०८१ बालमैत्रीसँग सम्वन्धित सम्पन्न कृयाकलाप विवरणः

| क्र.स. | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा बाल संजाल मासिक वैठक | ३०,०००\- | |
| २ | बालमैत्री स्थानीय शासन वडा समिति वैठक | ३१,५००\- | |
| ३ | वडा बाल अधिकार समिति | २७,३००\- | |
| ४ | बालभेला र योजना तर्जुमा कार्यक्रम | ४५,०००\- | |
| ५ | बालमैत्री स्थानीय शासन सम्वन्धी सचेतना\प्रतिवद्धता फ्लेक्स | १८,६००\- | |
| ६ | स्तनपान कक्ष व्यवस्थापन | ३,६६०\- | |
| ७ | बालमैत्री स्थानीय शासन प्रारम्भिक सूचक मापन र लगानी योजना तयारी कार्यशाला | ५०,०००\- | |
| ८ | विजया दशमीको अवसरमा टोल र विद्यालयस्तरीय वृहत कला प्रदर्शनी | ३२,०००\- | |
| ९ | वडास्तरीय बालसमूह संजाल अतिरिक्त कृयाकलाप | २३,०००\- | |
| १० | बालमैत्री स्थानीय शासन सम्वन्धी अभिमुखिकरण र प्रशिक्षण | ५९,३००\- | |
| ११ | टोल विकास अन्तरकृया कार्यक्रम | ३,४००\- | |
| १२ | बाल दिवस कार्यक्रम | १०,६६०\- | |
| १३ | बालमैत्री कक्ष व्यवस्थापन र विविध | १५,५८० | |
| **जम्मा** | | **३,४९,५००\-** | |

**धन्यवाद!!!**